वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २९६ | २०८२ चैत्र ०४ गते बुधबार, नेपाल सम्वत् ११४६ March 18, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-







## वन डढेलो नियन्त्रण सचेतनाका वृहत ऱ्याली

वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सचेतना सप्ताह अन्तर्गत तनहुँमा आयोजना गरिएको वृहत ऱ्यालीका सहभागिहरू । डिभिजन वन कार्यालय तनहुँले म्याग्दे गाउँपालिका-४ थर्पु बजारदेखि जामुने बजारसम्म वृहत ऱ्याली प्रदर्शन गरिएको थियो। म्याग्दे गाउँपालिका, शुक्लागण्डकी नगरपालिका र व्यास नगरपालिकाका विभिन्न सामुदायिक वन समूहका उपभोक्ताहरूको सहभागिता रहेको कार्यक्रममा डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटले वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सप्ताह अन्तर्गत समुदायस्तरसम्म पुगेर सचेतनामूलक कार्यक्रम गर्ने उद्देश्यले कार्यक्रम गरिएको जानकारी गराए । यस वर्ष तनहुँलाई शुन्य डढेलोमुक्त बनाउने लक्ष्य राखिएको र डढेलोमुक्त बनाउने सामुदायिक वनलाई पुरस्कृत गरिने भएको छ। स्थानीय सरकार र स्थानीयवासीको सहयोगका कारणमात्रै डढेलो नियन्त्रण गर्न सम्भव रहेकाले चेतनाको अभाव र लापरवाहीले डढेलोको घटना बढिरहेको छ । सामुदायिक वन उपभोक्ता महासंघ म्याग्देका अध्यक्ष बालकृष्ण श्रेष्ठले गाउँपालिकाभित्रका सामुदायिक वनका उपभोक्तालाई डढेलो नियन्त्रणका लागि जागरूक बनाइएको बताए । *तस्विर : भञ्ज्याङ*

# जेनजी आन्दोलन पुनर्निर्माण कार्ययोजना : तीनै तहका सरकारले बजेट छुट्याउनुपर्ने

भञ्ज्याङ समाचारदाता/काठमाडौं

गत भदौ २३ र २४ गते देशका विभिन्न स्थानमा भएको आन्दोलनले व्यापक भौतिक तथा आर्थिक क्षति पुऱ्याएपछि सरकारले त्यसको पुनर्निर्माण र पुनर्व्यवस्थापनका लागि विस्तृत कार्ययोजना सार्वजनिक गरेको छ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा प्रकाशकुमार श्रेष्ठको नेतृत्वमा गठित समितिको प्रतिवेदनका आधारमा तयार गरिएको कार्ययोजनाले क्षतिको परिमाण, पुनर्निर्माणको रणनीति, स्रोत व्यवस्थापन र निजी क्षेत्र पुनरूत्थानसम्मका विषयलाई समेटेको छ। साथै चालु आर्थिक वर्ष र आगामी दुई आर्थिक वर्ष तीनवटै तहका सरकारले पुननिर्माणका लागि बजेट विनियोजन गर्नेगरी कार्ययोजना तयार पारिएको छ ।

आयोगले पुनर्निर्माण कार्यलाई चरणबद्ध रूपमा कार्यान्वयन गर्ने योजना बनाएको छ । तत्कालीन, मध्यमकालीन र दीर्घकालीन रणनीतिका आधारमा कार्य अगाडि बढाइने कार्ययोजनामा उल्लेख छ। त्यसैगरी, कार्ययोजनाले पुनर्निर्माणको मूल आधारका रूपमा आन्तरिक स्रोत परिचालनलाई प्राथमिकता दिएको छ । तीनै तहका सरकारले आफ्नै स्रोतबाट पुनर्निर्माण अघि बढाउने, अपुग भएमा संघीय सरकारले सहयोग गर्ने नीति तय गरिएको छ। साथै, निजी क्षेत्र र गैरसरकारी संस्थासँग सहकार्य गर्दै समन्वयात्मक ढङ्गले पुनर्निर्माण अघि बढाउने रणनीति लिइएको छ ।

राष्ट्रिय योजना आयोगका सहप्रवक्ता डा दिबाकर लुइटेलका अनुसार क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका अल्पकालिन र दीर्घकालीन योजना तयार पारी सोहिअनुसार बजेट विनियोजन गर्नुपर्नेछ। "केहि कामहरु चालु आर्थिक वर्षको बजेटबाटै पनि सुरु भइसकेका छन् । आगामी आर्थिक वर्षको बजेट बनाउँदै गर्दा पनि जेनजी आन्दोलनबाट भएको क्षतिको पुनर्निर्माणका लागि निश्चित बजेट छुट्याउने पर्ने विषयमा छलफल चलिरहेका छन् । तीनवटै तहका सरकारले आगमी आर्थिक वर्षको बजेटमा यो विषयलाई प्राथमिकतामा राखुन् भन्ने उद्देश्य हो", उहाँले रासससँग भन्नुभयो ।

कार्ययोजनाअनुसार सरकारले सेवाग्राहीमैत्री, मितव्ययी र विपद् प्रतिरोधी पूर्वाधार निर्माणमा जोड दिएको छ भने भविष्यमा यस्ता क्षतिहरु न्यून गर्ने लक्ष्य राखेको छ। संघीय सरकारका लागि चालु आर्थिक वर्षमा करिब रू चार अर्ब ३४ करोड आवश्यक पर्ने देखिएको छ भने आगामी दुई आर्थिक वर्षमा प्रत्येक वर्ष रू १० अर्ब १८ करोडका दरले बजेट छुट्याउनुपर्ने अनुमान गरिएको छ। त्यस्तै, प्रदेश सरकारका लागि चालु वर्षमा करिब रू ८१ करोड २५ लाख र आगामी दुई वर्षमा प्रत्येक वर्ष रू एक अर्ब ४६ करोड आवश्यक पर्नेछ । स्थानीय तहका लागि चालु वर्षमा रू एक अर्ब ४२ करोड र आगामी दुई वर्षमा प्रत्येक वर्ष रू तीन अर्ब २१ करोड बजेट आवश्यक पर्ने अनुमान गरिएको छ ।

तीनवटै तहका सरकारले प्रारम्भिक मर्मत सम्भारका लागि चालु बजेटबाटै रकमान्तर गर्ने, मौजुदा सवारीसाधन र सम्पत्तिको उपयोग गर्ने तथा आवश्यक परेमा मात्रै नयाँ खरिद गर्ने नीति लिइएको छ । साथै, सबै सरकारी सम्पत्तिको अनिवार्य बिमा गर्ने व्यवस्था समेत प्रस्ताव गरिएको छ ।

सरकारले पुनर्निर्माणका लागि आवश्यक स्रोत जुटाउन खर्च व्यवस्थापनमा कडाइ गर्ने नीति लिएको छ । साना, टुक्रे र प्रभावहीन आयोजना कटौती गर्ने, तीन करोडभन्दा कम लागतका आयोजना संघीय सरकारले नगर्ने, र त्यस्ता कार्यक्रम प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने नीति लिइएको छ ।



यसका साथै, संघीय सरकारले सञ्चालन गर्दै आएका केही कार्यक्रमहरू– जस्तै लघु उद्यम विकास, जनता आवास, खरका छाना मुक्त कार्यक्रम– अब स्थानीय तहले नै सञ्चालन गर्ने गरी संघीय स्तरबाट हटाइने भएको छ । सरकारले विकास साझेदार र गैरआवासीय नेपालीहरूबाट समेत पुनर्निर्माण कोषमा सहयोग जुटाउने योजना बनाएको छ। यस्तो सहयोग गर्नेहरूलाई राज्यले सम्मान गर्ने नीति पनि उल्लेख गरिएको छ ।

आन्दोलनबाट निजी क्षेत्र पनि गम्भीर रूपमा प्रभावित भएको छ। कुल रू ३३ अर्बभन्दा बढी क्षति भएकोमा सबैभन्दा बढी असर

बाँकी तेश्रो पेजमा

# दूध उत्पादनमा प्रोत्साहन : भानुले कृषकलाई प्रति लिटर ५ रूपैयाँ अनुदान

भञ्ज्याङ समाचारदाता/भानु

तनहुँको भानु नगरपालिकाले स्थानीय किसानलाई दूध उत्पादनमा प्रोत्साहन गर्ने उद्देश्यले प्रति लिटर ५ रूपैयाँ अनुदान दिने भएको छ। आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत नगरपालिकाभित्रका दुग्ध उत्पादक कृषकलाई उत्पादनका आधारमा उक्त अनुदान प्रदान गरिने भएको हो।

नगरप्रमुख आनन्दराज त्रिपाठीका अनुसार उत्पादनमा आधारित अनुदान कार्यक्रमले कृषकलाई उत्साहित बनाउने विश्वास गरिएको छ । "यस्ता कार्यक्रमले दूध उत्पादन वृद्धि हुनुका साथै नगरपालिकालाई दूध, मासु, माछा र अण्डामा आत्मनिर्भर बनाउने दिशामा टेवा पुग्नेछ", उनले बताए।

अनुदान कार्यक्रमका लागि नगरपालिकाको पशुपंक्षी तथा मत्स्य विकास शाखाले यही चैत २ गते प्रस्ताव आह्वान गरिसकेको छ। दुग्ध उत्पादन गर्ने संस्था तथा दुग्ध कारोबार गर्ने सहकारीहरूले १५ दिनभित्र आवश्यक कागजातसहित आवेदन दिन नगरपालिकाले अनुरोध गरेको छ।

यस कार्यक्रममार्फत स्थानीय स्तरमै उत्पादन बढाई कृषकको आम्दानी वृद्धि गर्नुका साथै कृषि क्षेत्रलाई व्यवसायिक बनाउने लक्ष्य राखिएको नगरपालिकाले जनाएको छ।

# बन्दीपुरमा 'गण्डकी प्रदेशस्तरीय गाउँ पर्यटन मार्ट २०८३'

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको बन्दीपुरमा गण्डकी प्रदेशस्तरीय गाउँ पर्यटन मार्ट २०८३ आयोजना गरिने भएको छ। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र बन्दीपुर गाउँपालिकाको संयुक्त आयोजना एवं गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल (भिटोफ) गण्डकी प्रदेशको सह–आयोजनामा सो मार्ट हुन लागेको हो ।

गण्डकी प्रदेशको ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित आगामी वैशाख १८ र १९ गते मार्ट गर्न लागिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बताए ।

पोखरा पर्यटन परिषद्, होमस्टे महासंघ नेपाल, गण्डकी प्रदेश लगायत पर्यटन सम्बद्ध संघसंस्थासँगको सहकार्यमा हुने मार्टमा गण्डकी प्रदेशका सामुदायिक घरबास (होमस्टे), पर्यटकीय कृषि फार्म (फार्म स्टे) सहित विभिन्न ३० वटा होमस्टे कक्षहरु रहने उनले जानकारी दिए ।

यसअघि मार्टका तीनवटा संस्करण पोखरामा गरिएकामा यस पटक भने बन्दीपुरमा गर्न लागिएको हो। मार्टमार्फत भिजिट मधेस २०८३, पोखरा भ्रमण वर्ष समेतलाई समेट्न खोजिएको उनको भनाई छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# उपभोक्ता अधिकार : चेतनाको अभाव र नियमनको कमजोरी

पभोक्ताका चार आधारभूत अधिकार- सुरक्षा, सूचना, छनोट र सुनुवाइको अवधारणा अघि सारेपछि सुरू भएको यो अभियान सन् १९८५ मा राष्ट्र संघले थप अधिकारसहित संस्थागत रूप दिएको थियो। अहिले विश्वभर यो दिवस विभिन्न कार्यक्रमका साथ मनाइए पनि यसको वास्तविक सन्देश- उपभोक्ताको अधिकार सुनिश्चित गर्ने अझै व्यवहारमा पूर्ण रूपमा स्थापित हुन सकेको छैन । नेपालको सन्दर्भमा हेर्दा उपभोक्ता अधिकार कागजमा बलियो देखिए पनि व्यवहारमा कमजोर छ। संविधानले नै गुणस्तरीय वस्तु तथा सेवा उपभोग गर्ने अधिकार सुनिश्चित गरेको छ भने उपभोक्ता संरक्षण ऐन, २०५४ ले त्यसलाई कानुनी आधार दिएको छ। तर, बजारको यथार्थ भने फरक छ—जहाँ उपभोक्ता दिनहुँ साना-ठूला विभिन्न तरिकाले ठगिन बाध्य छन् । सबैभन्दा गम्भीर समस्या नापतौलको क्षेत्रमा देखिन्छ। बजारमा प्रयोग भइरहेका ढक-तराजुहरूको विश्वसनीयता नै शंकास्पद छ। परीक्षण नगरिएका, नवीकरण नभएका र कतिपय अवस्थामा प्रतिबन्धित उपकरण प्रयोग भइरहेका छन्। एक किलो भनिएको तौलमा ९०० ग्राम मात्रै हुने जस्ता घटना सामान्य जस्तै बनेका छन्। यस्तो सानो देखिने ठगीले दीर्घकालमा उपभोक्ताको ठूलो आर्थिक नोक्सानी गरिरहेको हुन्छ।

यसका साथै एउटै वस्तुको मूल्य पसलैपिच्छे फरक-फरक हुनु अर्को गम्भीर समस्या हो। बजारमा मूल्य निर्धारणमा पारदर्शिता नहुँदा उपभोक्ता अन्योलमा पर्ने गरेका छन्। कतिपय अवस्थामा एउटै सामानको तीन-चार थरी मूल्य तिर्नुपर्ने बाध्यता सिर्जना हुन्छ। यसले बजारमा अनुचित प्रतिस्पर्धा मात्र होइन, उपभोक्तामाथि अन्याय पनि बढाउँछ । खाद्य वस्तुको गुणस्तर झन् चिन्ताजनक विषय हो। म्याद नाघेका सामग्री बिक्री, खाद्य पदार्थमा मिसावट, अस्वच्छ तरिकाले उत्पादन तथा भण्डारण जस्ता अभ्यासले उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष असर पारिरहेको छ। बजारमा पाइने दूधदेखि मसला, तरकारीदेखि मासुसम्मका वस्तुहरूमा गुणस्तरको सुनिश्चितता कमजोर देखिन्छ। उपभोक्ताले तिर्ने मूल्य र पाउने गुणस्तरबीच ठूलो अन्तर हुनु अहिलेको यथार्थ हो । यस्ता समस्या हुनुमा नियमनकारी निकायको कमजोरी प्रमुख कारणका रूपमा देखिन्छ। बजार अनुगमन प्रायः औपचारिकतामा सीमित छ। विशेष गरी चाडपर्वका बेला गरिने अनुगमन बाहेक नियमित र प्रभावकारी निरीक्षणको अभाव देखिन्छ। अनुगमनका क्रममा त्रुटि भेटिए पनि कडा कारबाही नहुँदा व्यवसायीहरूमा दण्डहीनताको भावना बढेको छ । "भेटिए पनि केही हुँदैन" भन्ने मानसिकताले अनियमितता मौलाउँदै गएको छ ।

अर्कोतर्फ, उपभोक्ता स्वयं पनि पूर्ण रूपमा सचेत छैनन् । धेरैजसो उपभोक्ताले आफू ठगिएको थाहा पाए पनि उजुरी गर्ने संस्कार विकास भएको छैन। उजुरी कहाँ गर्ने, कसरी गर्ने भन्ने जानकारीको अभाव छ। कतिपय अवस्थामा समय र झन्झटको कारण पनि उपभोक्ता चुप लागेर बस्न बाध्य हुन्छन् । यसले बजारमा ठगीलाई अप्रत्यक्ष रूपमा प्रोत्साहन गरिरहेको हुन्छ । वास्तवमा उपभोक्ता अधिकारको संरक्षण केवल सरकारी निकायको दायित्व मात्र होइन, यो साझा जिम्मेवारी हो। पहिलो जिम्मेवारी सरकार र नियमनकारी निकायको हो, जसले कानुनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्छ। नापतौल उपकरणको नियमित परीक्षण, गुणस्तरहीन तथा म्याद नाघेका वस्तुको नियन्त्रण, मूल्यसूची अनिवार्य रूपमा राख्ने व्यवस्था र उल्लंघनकर्तामाथि कडा कारबाही- यी सबै कदमहरु कडाइका साथ लागू गरिनुपर्छ । दोस्रो, व्यवसायीहरु नैतिक र जिम्मेवार बन्नुपर्छ। अल्पकालीन नाफाका लागि उपभोक्तालाई ठग्ने प्रवृत्तिले दीर्घकालीन रूपमा व्यापारको विश्वास गुमाउँछ। उपभोक्ताको विश्वास नै व्यवसायको सबैभन्दा ठूलो पूँजी हो भन्ने बुझ्न जरूरी छ । स्वच्छ व्यापार अभ्यासले मात्र बजारलाई दिगो र स्वस्थ बनाउन सक्छ । तेस्रो, उपभोक्ता आफैं सक्रिय र सचेत बन्नुपर्छ। खरिद गर्दा तौल जाँच्ने, म्याद हेर्ने, बिल माग्ने, मूल्य तुलना गर्ने जस्ता सामान्य सावधानी अपनाउनु आवश्यक छ। साथै, ठगी भएको महसुस भएमा सम्बन्धित निकायमा उजुरी गर्नुपर्छ। उपभोक्ता अधिकार प्रयोग नगर्दासम्म ती अधिकार केवल कागजमा सीमित रहन्छन्।

विश्व उपभोक्ता अधिकार दिवस केवल औपचारिक कार्यक्रम, भाषण र नारामा सीमित हुनुहुँदैन। यो दिनले हामीलाई आत्ममूल्यांकन गर्ने अवसर दिन्छ- हामीले उपभोक्ताको अधिकार कत्तिको सुनिश्चित गर्न सकेका छौं ? यदि राज्य कडा, व्यवसायी जिम्मेवार र उपभोक्ता सचेत बन्न सके भने मात्र बजार स्वच्छ र न्यायपूर्ण बन्न सक्छ। अन्यथा, उपभोक्ता अधिकार दिवस मनाइरहँदा पनि उपभोक्ता भने वर्षभर ठगिइरहने विडम्बना दोहोरिरहनेछ ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

# कम्युनिस्टहरूको पराजय : अनुदारवादी भाष्य र पुनरागमनको सम्भावना

२०६३ को अन्तरिम संसद् बनेयता २०८२ भदौसम्म नेपालको संसद्को शक्ति विन्यासले कम्युनिस्ट पार्टीको सहभागिता विना सरकार बन्न दिंदैनथ्यो । २०१९ देखि २०३९ सम्मका पञ्चायती चुनाव बाहेक २००७ सालयता भएका स्थानीय तथा केन्द्रीय तहका सबै निर्वाचनमा सहभागी हुँदै आएका कम्युनिस्टहरूले २०४८ देखि नै संसद्मा महत्वपूर्ण शक्तिको रूपमा रहेका उपस्थिति जनाएका थिए ।

२०१५ सालको पहिलो आम निर्वाचनमा सबै क्षेत्रमा उम्मेदवार उठाउने समेत हैसियत नभएका र १०५ सिटको संसद्मा चार सिट मात्र जितेका कम्युनिस्टहरूले पञ्चायत विरोधी संघर्षको बेला गरेको कठोर संघर्षका कारण शक्ति आर्जन गरेका थिए । २०४८ सालमा पुग्दा २०५ मा ८३ जति सिट कम्युनिस्ट पार्टीहरूले जिते । २०५१ सालमा नेकपा एमाले संसद्को सबैभन्दा ठूलो दलका रूपमा उदायो र पहिलो निर्वाचित कम्युनिस्ट सरकार बनायो।

२०६४ मा पुग्दा कम्युनिस्ट पार्टीहरु पाएको मत र सिट संख्या दुवै हिसाबले संविधानसभामा सबैभन्दा शक्तिशाली बने। त्यतिबेला ५७ प्रतिशत भन्दा बढी मत र ६१ प्रतिशत सिट कम्युनिस्टहरूले प्राप्त गरेका थिए। त्यसपछि २०७४ मा उनीहरूको कुल मतको ४८ प्रतिशत




र कुल सिटको ६४ प्रतिशत भन्दा बढी जितेका थिए । त्यसयता ओरालो लाग्दै गएका कम्युनिस्ट पार्टीहरु यसपटक भने हीनताबोधले ग्रस्त हुने अवस्थामा पुगेका छन् । उनीहरूले संयुक्त रूपमा पाएको मत २३ प्रतिशत जति छ र संसद्मा प्रत्यक्षतर्फ जम्मा १७ सिट जितेर कम्युनिस्टहरु निम्छरो तेस्रो शक्तिमा झरेका छन् ।

नेपालको संसद्मा २० वर्षपछि पहिलो पटक कम्युनिस्टहरु सहभागी नभएको सरकार बन्ने गणितीय अवस्था सिर्जना भएको छ । अर्को भाषामा कम्युनिस्टहरु सत्ताबाट सडकमा धकेलिएका छन् । २०६३ पछि सत्तामा वर्चस्व स्थापित गर्दै आएका, ५ जना प्रधानमन्त्री उत्पादन गरेका, दुईपटक राष्ट्रपति चुनेका, ५ जनालाई सभामुख बनाएका, प्रदेश र स्थानीय सरकारमा वर्चस्व स्थापित गरेका कम्युनिस्ट पार्टीहरु किन यसरी ओरालो लागे? यसका कारणहरु के हुन सक्छन्? नेपालको आगामी राजनीतिक शक्ति संघर्षमा कम्युनिस्टहरूको प्रभाव फेरि प्रभावशाली होला कि झन् कमजोर भएर जाला ? शक्ति फेरि आर्जन गर्न उनीहरूका सम्भावना के छन् ? यी विषयमा यो आलेखमा चर्चा गरिनेछ । तर त्यस अगाडि सार्वजनिक वृत्तमा कम्युनिस्टहरूको पराजयलाई कसरी चित्रण गरिँदैछ र यसको अर्थ के हो भन्ने विषयबाट प्रवेश गरौं ।

### अनुदारवादी भाष्य

१४ मार्चको एकाबिहानै सीएनएनको अनलाइन संस्करणमा नेपालको निर्वाचनबाट भएको बालेनको उदयको पृष्ठभूमि सहित एउटा लामो रिपोर्ट छापियो । दि न्यापर हु रेल्ड अगेनिष्ट करप्सन नाउ सेट टु बि नेपाल्स न्यु लिडर शीर्षकमा न्हि मोगुलले लेखेको समाचारको एक ठाउँ भनिएको छ : वर्षौंदेखि भ्रष्टाचार गरेको आरोप खेप्दै आएको संस्थापनको शक्ति गत वर्षको सरकार विरोधी प्रदर्शन पछि (उनीहरूको हातबाट) फुस्क्यो जसमा ५० जना भन्दा बढीको ज्यान गएको थियो र देशका लामो समय देखिका पूर्व नेता केपी शर्मा ओलीको कम्युनिस्ट सरकार ढालेको थियो ।

यसको अर्थ हुन्छ, नेपालमा भएको जेनजी आन्दोलनले 'कम्युनिस्ट सरकार' ढालेको थियो । त्यसका बलमा रास्वपाले अहिले चुनावी बहुमत ल्याएको छ र बालेन नयाँ नेताका रूपमा अगाडि आएका छन् । विश्वव्यापी पाठक र दर्शक भएको सीएनएनले प्रकाशित गरेको यो समाचार पश्चिमा सञ्चारमाध्यमहरु र त्यसमार्फत आफ्नो राजनीतिक वर्चस्व स्थापित गर्ने पश्चिमा शासकवर्ग नेपालका बारेमा कस्तो भाष्य बनाउन चाहन्छ भन्ने कुराको एउटा सानो संकेत मात्र हो (कसै-कसैलाई भूराजनीति शब्दका प्रति अरूचि छ भन्दैमा वास्तविकता बदलिंदैन) ।

भदौ आन्दोलनको बेला नेकपा एमालेका नेता केपी शर्मा ओली प्रधानमन्त्री थिए, उनी कम्युनिस्ट पार्टीका अध्यक्ष अवश्य हुन् तर त्यो सरकार कम्युनिस्ट सरकार थियो भन्नु गलत न्यारेटिभ स्थापित गर्ने प्रयास नै हो । संसद्को सबैभन्दा ठूलो तथा नेपालको त्यतिबेलासम्मको मुख्य उदारवादी दल नेपाली कांग्रेस सहभागी सरकारलाई कम्युनिस्ट सरकार भनेर प्रचार गरिनु विचारधारात्मक रूपमा कम्युनिस्ट विरोधी भाष्य स्थापना गर्ने अनर्थपूर्ण प्रयासकै एउटा अंग हो । स्वयं देउवा या गगन थापा अगाडि सरेर त्यसलाई कम्युनिस्ट सरकारै थियो भन्छन् भने पनि इतिहासले त्यसलाई स्वीकार गर्दैन ।

ठिक त्यस्तै भाष्य अहिले नेपालकै उदारवादी खेमाका दाहिने ढल्कुवा बौद्धिकहरूले स्थापित गर्न खोजिरहेका छन् । चुनावमा कम्युनिस्ट पार्टीहरु पराजित भएका छन् त्यो त साँचो हो । तर यससँगै नेपाली कांग्रेस जस्तो परम्परागत रूपमा उदारवादी राजनीतिको प्रतिनिधि मानिएको शक्ति पनि पराजित भएको छ । मधेशमा आधारित पहिचानवादी राजनीति गरिरहेका र क्षेत्रीय राजनीति गरिरहेका दलहरु पनि अस्तित्वविहीन जस्ता भएका छन् । राजा फर्काउने र हिन्दू राज्य बनाउन चाहने राप्रपाको प्रदर्शन पनि २०४८ यताकै कमजोर अवस्थामा पुगेको छ । समग्रमा २०४८ देखि यताको राजनीतिका मुख्य सबै खेलाडीहरु कमजोर भएका छन् । यस्तो अवस्थामा कम्युनिस्टहरूप्रति मात्रै लक्षित गरेर यिनीहरु सकिए भन्दै मिडियामा आतिसवाजी गर्नेहरूको इतिहास चेतबारे दया मात्र व्यक्त गर्न सकिन्छ ।

कम्युनिस्ट राजनीतिको बन्ध्याकरण भएको, कम्युनिस्ट वर्चस्वबाट नेपाल मुक्त भएको भन्दै रास्वपाको जितको जश्न मनाइरहेका यी महानुभावहरु पनि नेपालमा ठ्याक्कै ट्रम्पीय दक्षिणपन्थ या अनुदारवादको वर्चस्व विस्तार गर्ने प्रयास गरिरहेका छन् भनेर प्रश्न गर्ने समय आएको छ । धेरै सम्भावना छ युरो अमेरिका सेन्ट्रिक विश्व व्यवस्था अनुकूलको वैचारिक सांस्कृतिक प्रभाव बोकेको यो पंक्तिले नेपालमा उदारवादको स्पेस खुम्च्याउने सम्भावित दक्षिणपन्थी प्रयासलाई मलजल गर्नेछ ।

समाजवाद, सामाजिक न्याय, सार्वजनिक सेवा र प्रशासनमा समावेशी सहभागिताको विरोध गर्ने नियतको वैचारिक आधार नवअनुदारवादबाटै निःसृत देखिन्छ । राजनीतिशास्त्रका प्रोफेसर ज्विग्न्यु ब्रिजेन्स्कीका ब्रेनचाइल्डहरु छापा र इलेक्ट्रोनिक माध्यमहरूमा बर्खे भ्यागुता झैं ट्यारट्यार गर्न थालेका छन्। यो वैचारिक आधार नै हो मदुरोलाई अपहरण गरिरहेको । गाजामा बम वर्षा गरेर आम बालबालिकाको कत्लेआम गरिरहेको । इरानी विद्यालयका बालबालिकामाथि क्षेप्यास्त्र प्रहार गरेर खुशी मनाइरहेको ।

श्रमजीवी तथा कम आयस्ता भएको वर्ग, सीमान्तीकरणमा परेको समुदाय, बालबालिका तथा ज्येष्ठ नागरिकका अधिकारहरु संकुचित गर्ने र समाजलाई कज्याएर कमाउन सक्नेका लागि मात्र बस्न योग्य बनाउने स्वच्छन्द पूँजीवादको जमानामा फर्काउन चाहने यो तप्काले कसरी समाजलाई कम्युनिस्ट र गैरकम्युनिस्ट खेमामा बाँड्न चाहन्छ, विचारधारात्मक भिन्नता भएकै कारण कम्युनिस्टहरूको दानवीकरण गर्न कस्सिएको छ भन्ने कुरा यसबाट देखिन्छ । उदारवादी खेमाको यो स्तरको वैचारिक स्खलनले नेपाललाई पनि दक्षिणपन्थी अनुदारवादको दलनतिर धकेल्न सहयोग गर्नेछ । नेपालका कम्युनिस्टहरु जहिले पनि उदारवादी लोकतन्त्रको पक्षमा संघर्ष गरेरै आएका छन् । ती पुष्पलाल होउन् या मनमोहन अधिकारी; मदन भण्डारी होउन् या झलनाथ खनाल यिनले निरंकुश शासन सत्ताका विपक्षमा, राजाको तानाशाहीका विपक्षमा नै राजनीति गरेका थिए । कांग्रेससँग संयुक्त जनआन्दोलनको वकालत गर्ने, संसद् पुनर्स्थापनाको माग गर्ने पुष्पलाल, कांग्रेससँग उसले नबोलाउँदा पनि सत्याग्रहमा सामेल हुने मनमोहन, २०४६ को आन्दोलनलाई कांग्रेस कम्युनिस्ट सहकार्यको मोर्चा बनाउन प्रस्ताव राख्ने र संयुक्त वाममोर्चाको स्थापनामा भूमिका खेल्ने मदन भण्डारी, मनमोहन र साहना प्रधानहरु, निर्मल लामा र विष्णुबहादुर मानन्धरहरूलाई लोकतान्त्रिक अधिकारको लडाइँबाट अलग गरेर हेर्न खोज्नु इतिहास मेट्न खोज्नु सरह हो ।

अर्थात् नेपालको उदारवादी लोकतन्त्रको जुन जग छ त्यसको हुर्काइमा कम्युनिस्टहरूको योगदान अवमूल्यन गर्न खोज्नु जनअधिकारका विपक्षमा उभिनु नै हो। संविधानसभा मार्फत संविधान बनाउन माग राख्ने र त्यसरी संविधान बनेपछि त्यस मातहत अघि बढिरहेका माओवादी लगायत कम्युनिस्ट घटकहरु पनि यही प्रणालीका अंग हुन् । अहिले गैर कांग्रेस (अनुदारवादी) रूझानको रास्वपाको उदयको लागि मार्ग प्रशस्त गरेको प्रणालीगत व्यवस्था कम्युनिस्टहरूकै नेतृत्वमा स्थापित भएको हो। यस्तो अवस्थामा कम्युनिस्टहरूलाई उदार राजनीतिक प्रणालीबाटै अलग कित्तामा राखेर उनीहरूको मृत्युको कामना गर्नेहरु प्रकारान्तरले अनुदारवादी दक्षिणपन्थीहरु मात्रै हुनसक्छन्।

### किन पराजित भए कम्युनिस्टहरु ?

नेपालको सन्दर्भमा कम्युनिस्टहरूले तीन वटा कारणले शक्ति आर्जन गरेका थिए । पहिलो, उनीहरूले निरन्तर रूपमा गरेको संगठन र उठाएका जनसंघर्षहरु। यस्तो संघर्ष उठाउने काम तुलसीलालदेखि भीमदत्त पन्तसम्म, एकदेव आलेदेखि झापालीहरुसम्म, पुष्पलालदेखि मोहनविक्रम सिंहसम्म अनेक नेताहरूले गरेका थिए । किसानहरूका पक्षमा

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ। तत्काल लाभ नभए पनि समस्या सुल्झाउन सकिनेछ।

**वृष**
प्रतिष्ठित काम गरेर लोकप्रियता हासिल गर्न सकिनेछ। भूमि, वाहन र कर्मयोगबाट लाभ मिल्नेछ।

**मिथुन**
पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन्। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला।

**कर्कट**
रमाइलो क्षणमा पनि मन खिन्न रहनेछ। केही अप्ठ्यारा परिस्थिति आउनाले सोचेको लाभ नमिल्न सक्छ।

**सिंह**
समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला। परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ।

**कन्य**
अभाव हट्नुका साथै दाम, नाम र इनाम प्राप्त हुनेछ। धार्मिक अनुष्ठान र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ।

**तुला**
चुनौती चिर्दै काम बनाउन सकिनेछ। शत्रुहरु किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ।

**वृश्चिक**
अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। तापनि उपलब्धिमूलक यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ।

**धनु**
बगैंचा, फूलबारी र घरको साजसज्जामा समय बित्नेछ। टाढिएका आफन्त, साथीभाइ नजिकिन सक्छन्।

**मकर**
घरेलु कामकाजमा जुट्नुपर्ने देखिन्छ। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ। प्रयत्न गर्दा लक्ष्य प्राप्ति हुनेछ।

**कुम्भ**
खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ। दिगो योजनाका लागि ऋण लिने समय छ।

**मीन**
हातमा आएको रकम तत्काल खर्चनुपर्नेछ। अरूलाई दिएको वचन पुर्याउन नसक्ता आलोचित बन्नुपर्ला।

# कम्युनिस्टहरूको पराजय : ....

नारायणमान विजुक्छेले भक्तपुरमा गरेको संघर्षले नै त्यहाँका गरिब मोही किसानलाई मध्यम वर्गमा उकालेको थियो । सुकुम्वासी आन्दोलन, शिक्षक आन्दोलन, मजदुर आन्दोलन, यातायात मजदुरहरूका अलग आन्दोलन, विद्यार्थी आन्दोलन कम्युनिस्टहरूकै कारण उठेका र सफल भएका थिए । यस्तै आन्दोलनमा सामेल हुँदा मारिएका शहीदहरु, जेल बसेका, यातना सहेका, भूमिगत भएका र आन्दोलनका अनेक मोर्चामा सामेल भएका क्याडरहरूले नै कम्युनिस्टहरूलाई देशभर फैलाएका थिए।

झापाको विद्रोह र माओवादी सशस्त्र युद्ध जोत्नेलाई जमिन दिने, दलितहरुमाथिको उत्पीडन र सीमान्तीकरण अन्त्य गर्ने, जातीय तथा सांस्कृतिक विभेद अन्त्य गर्ने, महिलामाथिका सबै शोषण विरूद्ध नयाँ समाज बनाउने नारामा उठेका थिए । जहिलेसम्म कम्युनिस्टहरु आन्दोलनमा थिए तहिलेसम्म तिनले आफ्नो जीवनशैलीलाई पनि जनताले आफ्नै ठान्ने गरी सरल बनाएका थिए । भारतीय हेपाइमा विपक्षमा, सिक्किम निल्ने र नेपाललाई पनि दबाबमा राख्ने भारतीय हस्तक्षेपका विपक्षमा र राष्ट्रियताका पक्षमा उठाएका अनेक आन्दोलन र संघर्षहरूले कम्युनिस्टहरूलाई देशमा स्थापित गरेको थियो । राष्ट्रियताको मुद्दामा कम्युनिस्टहरूका केही अतिवादी सोच नभएका हेइनन् तर उनीहरूको उत्थानका लागि यस सम्बन्धी अडानले महत्वपूर्ण काम गरेको थियो ।

समग्रमा कम्युनिस्टहरूले न्याय र जनअधिकारका पक्षमा उठाएका आवाज, राष्ट्रियता र जनजीविकाका पक्षमा गरेका संघर्ष र उठाएका वर्गसंघर्ष अनि त्यसका लागि गरिएका त्याग र बलिदानका आधारमा आफ्नो शक्ति आर्जन गरेका थिए । जहिलेसम्म साम्राज्यवाद रहन्छ र राष्ट्रियताको संघर्ष यो या त्यो रूपमा जारी रहन्छ त्यतिबेलासम्म कम्युनिस्टहरूका लागि शक्ति आर्जन गर्ने स्पेस रहिरहन्छ । जहिलेसम्म समाजमा गरिबी र असमानता रहन्छ, विभेद र शोषण रहन्छ कम्युनिस्टहरु उम्रिरहन्छन् । जहिलेसम्म वर्ग रहन्छ वर्गसंघर्ष पनि जारी रहन्छ । वर्गसंघर्ष रहुञ्जेल कम्युनिस्टहरु पनि रहिरहन्छन् । अरु राजनीतिक शक्ति र समूहहरु जस्तै तिनको पनि उत्थान र पतन भइरहन्छ।

पछिल्लो समय नेपालका कम्युनिस्टहरूको उत्थान र पतन एउटै सिक्काका दुई पाटाका रूपमा उपस्थित भएका हुन् । आम जनताका र खासगरी गरिब किसान र ग्रामीण मध्यमवर्गमा आधारित रहेर आर्जन गरेको यिनको उत्थानको पछिल्लो कारण शहरी मध्यमवर्गको मागलाई सम्बोधन गर्ने गरी तिनले लिएको उदारवादी राजनीतिक अभ्यसको बाटो हो ।

एमालेले जबजका नाममा र माओवादीले संविधानसभाका नाममा आरम्भ गरेको यही संसदीय उदारवादी प्रणालीको अभ्यासमा गैर मार्क्सवादी बुर्जुवा शैली अनुसरण गर्दा उनीहरु अन्ततः आम जनसरोकारका मुद्दाहरूबाट सम्पत्तिशाली वर्गको सेवामा पुगेर पछारिए। कठिन समयमा संघर्ष गर्दा र शक्ति आर्जन गर्दा गरिब र श्रमजीवी वर्ग तथा निम्न मध्यमवर्गका हितहरूको कुरा उठाउने गरेका कम्युनिस्टहरु सत्तामा पुगेपछि त्यही वर्गको हितबाट पछि हटे । न उनीहरु आफैंले सेवा गरेको पूँजीपति वर्गका राजनीतिक प्रतिनिधि बन्न सके न श्रमजीवी र निम्न पूँजीपति वर्गका रहे ।

यस प्रकारको वैचारिक विचलन र वर्ग आधारबाट पन्छिदै जाँदा उनीहरु चुनावदेखि चुनावसम्मको गोलचक्करमा फसे। जनताले हेरिरहेको थियो । अन्ततः जसले काँधमा चढाएर कम्युनिस्टहरूलाई सत्ताको आसनमा पु¥याएको थियो उसले काँधबाट खसालिदियो । यसपालिको परिणाम त्यही हो ।

सरकारको तथ्यांकले भन्छ देशमा झण्डै ६० लाख जनसंख्या निरपेक्ष गरिबीमा छ । यो गरिबहरूको ठूलो आशा र भरोसा कम्युनिस्टहरूका प्रति थियो । त्यसले कम्युनिस्टहरूलाई मत दिने गरेको थियो । तर सत्तामा पुगेको कम्युनिस्ट नेतृत्वले यसका हितमा काम नगर्दा यसपटक कतै पनि गरिबहरूले कम्युनिस्ट पार्टीलाई मत दिएनन् । उनीहरूले बरू रास्वपाका नाराहरूमा आफ्ना लागि केही सम्भावना देखे । धोका पाएको अनुभूति गरेको 'हुँदा खाने वर्ग' ले कम्युनिस्टहरूलाई छाड्यो र रास्वपालाई चाख्ने गरी मत परिवर्तन गर्न पुग्यो । स्वाभाविक थियो हुने खाने वर्गका लागि कम्युनिस्टहरु आफ्ना हुन्थेनन् ।

यसबाहेक कम्युनिस्टहरूले पार्टीमा विचारधारात्मक बहस र संघर्षलाई निषेध गर्ने बाटो लिए । कुनै नेतालाई अर्को कसैले चुनौती दियो भने उसले या पार्टी छाड्नुपर्ने या दल विभाजित हुने परम्परा नै बन्यो। कसैले विचारधारात्मक रूपमा नेतृत्वलाई चुनौती दिंदै आफूलाई पार्टी सदस्यहरूका बीच स्थापित गर्न, परीक्षण गर्न र महाधिवेशनमा प्रतिस्पर्धा गरेर नेतृत्वमा जान असम्भव जस्तै बनाइयो।

दलभित्र बीसौं तीसौं वर्ष निरन्तर पार्टी निर्माणमा काम गरेका नेतालाई पन्छाएर एक हातले पार्टी प्रवेशको सिन्दुर र अर्को हातले टिकट दिएर पठाउने चलन बसालियो (वीरेन्द्र कनौडिया, इस्तियाक राई र प्रदिप यादव पछिल्ला उदाहरण मात्र हुन्)। यसमध्येका कनौडिया विचार वर्ग र चरित्र कुनै दृष्टिले पनि कम्युनिस्ट पार्टीको उम्मेदवार हुन योग्य थिएनन्। अनि केको सिद्धान्त केको विचारधारा? केको अन्तरपार्टी जनवाद केको मास मोबिलाइजेशन? कम्युनिस्टहरु पार्टीभित्रै अल्पमतमा पर्न थाले ।

एमाले नेता किरण गुरूङका शब्दमा जनताले कम्युनिस्टहरूलाई २०७४ मा जुन मौका दिएका थिए त्यसलाई सम्हाल्न नसकेपछि जनताले पिठ्युँ फर्काए । यसपालि पार्टी सदस्य भन्दा समानुपातिक मत कम आएका ठाउँ पनि देखिए । सामूहिक नेतृत्व प्रणाली ध्वस्त पारियो । लेनिनवादी संगठनात्मक सिद्धान्तको गायत्री मन्त्र त जपियो तर पार्टीलाई नेताका मातहत, एक जनाको जमिन्दारीमा रूपान्तरण गरियो । पार्टीभित्रको जिम्मेवारी, लाभ र अवसरको बाँडफाँट जमिन्दारका रूपमा नेताले गर्न थाले । निर्णय प्रक्रिया व्यक्तिमा केन्द्रित हुँदा न जनवाद रह्यो न केन्द्रीयताको अर्थ कायम रह्यो ।

सामाजिक न्याय, विभेदको अन्त्य र समानताका पक्षमा उभिनुपर्ने ठाउँमा विस्तारै विस्तारै परम्परागत वर्चस्वशाली वर्गको स्वार्थ साधना गर्ने गरी सत्तालाई प्रयोग गरियो । कोशीको नामकरणका विषयमा जनजातिहरूले उठाएका प्रश्नलाई बेवास्ता गरियो । मुक्कुमलुङमा भइरहेको केवलकार निर्माणका विषयमा प्रश्न गर्दा दमन गरियो । यस्तो काममा कम्युनिस्टहरु पो अघि सरे !

सामाजिक सञ्जाल बन्द गर्ने र सडकमा आएको नागरिकलाई गोली दाग्ने काम गरेपछि लोकतन्त्र या जनवादप्रतिको कम्युनिस्टहरूको निष्ठामा प्रश्न उठ्यो । त्यसका प्रति आत्मालोचित भएर जनतासँग माफी माग्नुको साटो जनतालाई नै दोष र धम्की दिन थालेपछि जनताले पनि आफ्नो हातमा भएको सार्वभौम सत्ताको प्रयोग ग¥यो । कम्युनिस्ट पार्टीका अध्यक्षले नेतृत्व गरेको सरकारले जनतालाई हेपेपछि योभन्दा फरक नतिजा अपेक्षा पनि त गर्न सकिंदैनथ्यो ।

किसानहरु सीमान्तमा धकेलिएर बिल्लीवाठ पर्दा कम्युनिस्ट सरकारहरूले ठोस विकल्प दिन सकेनन् । बजारमा बिचौलियाको नियन्त्रण हुँदा कम्युनिस्ट पार्टीहरूले जनताको पक्षमा हस्तक्षेप गरेनन् । केही गरेका थिए भने पनि ती स्थानीय तहका पहलमा मात्र भएका थिए । कम्युनिस्ट पार्टीभित्रैबाट या कम्युनिस्ट सरकारको संरक्षणमा बिचौलिया र क्रोनी वर्ग निर्माण हुँदै गयो । जसका विरूद्ध लड्न कम्युनिस्ट पार्टीमा लागेको हो उसैको सेवकमा बदलिएको नेता देखेपछि जनताले तिरस्कार गर्ने नै भयो ।

परम्परागत रूपमा जनवाद, जनजीविका र राष्ट्रियताको कुरा गरेर जनताको विश्वास जित्दै आएका कम्युनिस्ट पार्टीहरूले यी तीनवटै मोर्चामा सम्झौता गर्दै गएपछि अहिलेको अवस्था सिर्जना भएको हो। अहिलेसम्म त यो चेतावनीको तहमा छ, कम्युनिस्टहरु सुध्रेनन् भने अर्कोपटकदेखि यो स्थायी दण्डका रूपमा परिवर्तन हुन सक्छ ।

मार्क्सवादको प्रयोग हुन थालेको सय डेढ सय वर्ष मात्र भयो । पूँजीवादको विकास भएको ६ सय वर्षजति पुग्यो । जसरी पूँजीवादले लामो समयसम्म सामन्तवादसँग लडाइँ लड्दै हार्दै, पछारिंदै उठेको थियो समाजवाद पनि त्यस्तै हो । अरु सयौं वर्ष यसले आफ्नो सत्यको पुष्टि गरिरहनुपर्नेछ । यो चुनावी हार नेपालका कम्युनिस्टहरूले पाएका उपलब्धिका तुलनामा निकै सानो र अस्थायी धक्का हो । उनीहरु उठ्न सम्भव छ । उठेर दह्रो खुट्टा टेकेनन् भने समाज र इतिहासले अहिलेका कम्युनिस्ट पार्टी र नेताहरूका विकल्पमा अर्को नेता र पार्टी जन्माउने छ ।

## सम्भावना

सिएस लेविसले एकठाउँमा भनेका छन् कि यदि गलत बाटोमा छौ भने पुरानै ठाउँमा फर्क र सही बाटोबाट हिंड । नेपालका कम्युनिस्ट पार्टीहरु र तिनका नेता-कार्यकर्ताले अहिले आपसमा गलगाँड कोराकोर गर्नु भन्दा कहाँनिर बाटो बिराइयो भनेर बहस गर्नुपर्ने हो । उनीहरूको पुनरागमनको सम्भावना आफ्नै इतिहासतिर फर्केर कुन कार्यनीतिले शक्ति आर्जन भएको थियो, कस्तो विचारका वरपर जनतालाई गोलबन्द गरिएको थियो, कस्तो कार्यशैली अपनाइएको थियो, संगठन कसरी चलाइएको थियो र जनतासँग सम्बन्ध कसरी विश्वासिलो बनेको थियो भनेर उत्खनन् गर्नुमा निहित छ । त्यसलाई उहिलेकै जस्तो जस्ताको तस्तै फलो गर्न सम्भव छैन । अहिलेको बहसको लक्ष्य आजको जनताले खोजेको परिवर्तन र रूपान्तरणलाई नेतृत्व गर्न सक्ने कार्यनीति कस्तो हुनुपर्ने, कस्तो नारा, कस्तो संगठन र कार्यकर्ता हुनुपर्ने र कसरी आधुनिक प्रविधिलाई यस्तो विचारको प्रचार र संगठनमा लगाउने भन्ने विषय निर्क्योल गर्नमा केन्द्रित गर्नुपर्ने हो । यसो गर्न सके भने कम्युनिस्टहरूको पुनरागमन सम्भव छ।

यस्तो सम्भावना कम्युनिस्टहरूलाई राजनीतिक सत्ता आवश्यक भएकाले या नेताहरूलाई सरकारमा जानुपरेका कारणले हुने होइन । बरू समाज र यसको अर्थ-राजनीतिक तथा सांस्कृतिक चरित्रमा कम्युनिस्टहरूको उपस्थितिको आवश्यकताका पक्षहरु मौजुद छन् । यसै पनि ५० प्रतिशत जति जनसंख्या गरिब छ र त्यसमध्येको ६० लाख दैनिक जीवनमा संकट अनुभव गरिबसेको छ । रोजगारीको अभाव छ, भएका रोजगारीबाट जीविकाका लागि अत्यावश्यक सेवा तथा वस्तु खरिद गर्न असम्भव छ । परिवारहरूको विघटनको दर तीव्र रूपमा बढेको छ । बालबालिका र ज्येष्ठ नागरिकको जीवन असुरक्षित छ । महिलामाथिको विभेद, बलात्कार र हत्याका घटनाले कहालीलाग्दो अवस्था देखाउँछन् । आदिवासी र जनजाति समुदाय, मुस्लिम र दलितहरु संविधानप्रदत्त अधिकारको प्रयोगबाट समेत वञ्चित छन् । भूमिहीन र गरिब किसानको बेहाल छ । जो अर्धदासका रूपमा श्रम बिक्री गर्न महानगरहरूमा पुगेका छन् तिनको ठूलो हिस्साले खेपेको सास्ती र दमन उहिलेको लण्डनको सर्वहारा सम्झाउने खालको छ, केवल रूप फरक ।

समाजमा विद्यमान यस्ता विभेद, असमानता र गरिबीका विपक्षमा संगठन गर्ने, आन्दोलन गर्ने र उनीहरूको अधिकार तथा आत्मसम्मानका लागि उनीहरूलाई नै सचेत बनाउने र अघि बढाउने काम कम्युनिस्टहरूले गर्नुपर्ने हो । चाहे सरकारमा जाँदा होस् चाहे सडकमा या संसद्मा रहँदा गर्नुपर्ने काम नै त्यही हो । सरकारमा छँदा राज्यको स्रोत परिचालन र कानूनी व्यवस्था मार्फत समाजमा न्याय स्थापना गर्ने, समावेशी र सहभागितामूलक विकास, आर्थिक वृद्धिको न्यायोचित वितरण, शिक्षा र स्वास्थ्य सेवामा समान पहुँच स्थापना गर्ने काम कम्युनिस्टहरूकै हो । पहिचानको माग सम्बोधन गर्ने काम कम्युनिस्टहरूले नै गर्नुपर्ने हो ।

राष्ट्रिय चरित्रको औद्योगिक विकासका पूर्वाधार बनाउने, प्रगतिशील पूँजीवादको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने र किसानलाई कृषिबाट सहज जीवनयापन सम्भव छ भन्ने निश्चित गर्ने काम कम्युनिस्टहरूकै हो । सरकार या राज्यको सेवा प्रवाहलाई सहज र सोझा सिधा लाटासोझाले र सम्भ्रान्तहरूले समान रूपमा प्राप्त गर्न सक्ने बनाउनुपर्ने काम कम्युनिस्टहरूकै हो । यति गर्न नसके किन सकिएन, कसले बाधा पु¥यायो, यसमा नेपालको दलाल पूँजीपति र बिचौलियाको भूमिका छ भने कसरी हटाउने, वैदेशिक पूँजी र शक्तिको दबाब छ भने त्यसबारे जनतालाई सिधा-सिधा भन्ने भूमिका पनि कम्युनिस्टहरूकै हो । कम्युनिस्टले नगरे समयले तिनैलाई पर्खेर बस्ने छैन।

वर्ग समन्वयको बाटोले अन्ततः स्रोतमाथि नियन्त्रण भएकाको हित गर्छ त्यसैले कुन वर्गको पक्षधरता लिने हो भन्ने स्पष्टास्पष्टी भन्नुपर्ने पनि कम्युनिस्टहरूले नै हो । संघीयतालाई अमल गर्ने, स्थानीय तहलाई बलियो बनाउने, विकास र रूपान्तरणमा जनतालाई परिचालन गर्ने र आम मासलाई राजनीतिक रूपमा सचेत बनाउने काम पनि कम्युनिस्टहरूकै हो। तर २०७० यता, खासगरी २०७२ यता सत्तामा पुगेका कम्युनिस्ट पार्टीहरूले आफूलाई शासक ठान्न थाले । जनताको प्रतिनिधि बन्न छाडे। आफूले जनताका कुरा सुन्ने होइन जनताले आफ्ना कुरा सुनुन् भन्न थाले, ठालु भए, जीवनशैली हेर्दा नै जनताबाट टाढा हुँदै गए । जुन वर्गको नाममा राजनीति गरेको हो त्यो वर्ग बाहेकको हितमा राज्यका नीति बनाउने, स्रोत परिचालन गर्ने र आफू पनि उसैको सेवक बन्ने ध्याउन्नमा लागे । संसद् र पार्टीले आफूलाई नियन्त्रण गर्न खोज्दा उल्टो उसैमाथि जाइलागे । लोकतन्त्रलाई सीमित गर्दै लैजाने प्रयास गरे । बिचौलियालाई साक्षी राखेर प्रतिपक्षी शक्ति या वैचारिक प्रतिद्वन्द्वीसँग सत्ता समीकरण गर्दै चुनावी गठबन्धन गर्दै हिंडे । जनताले हेरिरहेको थियो, मौका पाउँदा सजाय दियो ।

अब फर्केर उही बाटो समात्ने हो भने, जनतातिर फर्कने र ऊसँग माफी मागेर उसको सेवामा लाग्ने हो भने कम्युनिस्टहरूको पुनरागमन सम्भव छ । तर यसका लागि पहिलो र अन्तिम शर्त उनीहरूले आफ्नो विचारधारात्मक धरातल भने स्पष्ट पार्न सक्नुपर्छ ।

दोस्रो शर्त त्यस्तो विचारधाराका आधारमा आफ्ना कार्यनीतिका कार्यसूचीहरु तयार पार्नु हो ।

तेस्रो यस्तो विचारधारा र कार्यसूची लागू गर्न योग्य नेतृत्व निर्माण गर्नु हो ।

चौथो, कार्यनीति अनुसारको संगठन निर्माण गर्नु हो ।

अब मूलतः मास अपिल गर्न सक्ने र वैचारिक रूपमा स्पष्ट भएका नवपुस्ताका युवाहरूलाई आफ्ना विचार अगाडि सारेर प्रतिस्पर्धा गर्न आह्वान गर्नु, प्रतिस्पर्धाका आधारमा श्रेष्ठता हासिल गरेर नेतृत्वमा जाने बाटो खुला गर्नु र वडा तहदेखि केन्द्रसम्मको नेतृत्व पार्टी सदस्यहरुको लोकप्रिय मतका आधारमा छनोट गर्ने वैधानिक व्यवस्था मिलाउनु हो । पार्टी प्रवेश र बहिर्गमनलाई सहज बनाउनु तर विचारधाराका आधारभूत पक्षहरूको सीमा कोर्नु पार्टीलाई जीवन्त बनाउने उपाय हो । कम्युनिस्ट नेताहरूले बुझुन् दुई तीन पुस्ता मिलेर आर्जन गरेको शक्ति केही वर्षको सत्तागमनमा नै ध्वस्त हुनुका कारण न अमेरिका या भारत हो, न रास्वपा या दलाल पूँजीपति र बिचौलिया हुन् । उनीहरूले तिम्रो शक्ति आर्जन गरिदिएका होइनन् नष्ट गर्ने क्षमता पनि राख्दैनथे । कारण आफैंभित्र छ खोजेर उपचार गर्न सके फेरि जीवन रहन्छ ।

## नेताहरुका विषयमा

विचार-नीति-संगठन-नेतृत्व क्षेत्रको पुनर्गठन नगरी कम्युनिस्टहरुले जनताको विश्वास जित्ने छैनन् । निर्वाचन परिणाम सार्वजनिक भएसँगै खासगरी नेकपा एमालेमा नेतृत्व परिवर्तन र पुनर्गठनको चर्चा हुन थालेको छ । अहिलेसम्म औपचारिक फोरममा नभएर सञ्चारका विभिन्न माध्यममा नेता तथा कार्यकर्ताले चलाएको यो बहसमा पुनर्गठनको पक्ष र विपक्षमा तर्कहरु राखिएका छन् । यसप्रकारको बहस सम्भवतः नेकपामा पनि प्रवेश गर्नेछ। तर, दुवै पार्टीहरूको नेतृत्वले आफू चैं सही नै भएको, आफ्नो विकल्प नभएको दावी गर्नेछ । लामो समय सत्ताको स्वादमा लट्ठिएका हुनाले सत्ता बाहिर पनि जीवन छ भन्ने उनीहरूलाई नलागेको हुन सक्छ ।

नेताहरूले के बुझ्नुपर्छ भने उनीहरूले नै कुनै समय अपिल गर्दा जनताले दिएको सकारात्मक प्रतिक्रिया अब पाउन असम्भव छ । मान्छे पनि उही हो भन्ने गरेको विचार पनि उही हो, जनता पनि उनै हुन् हिजो अपिल सुन्थे अब नसुन्ने भए । उनीहरूको समय बित्यो फर्केर आउनेवाला छैन । फेरि पार्टी नेता बनेर जनविश्वास जित्छु भन्ने कुरा पुसमा रोपेर चैतमा जुम्ली मार्सी फलाउँछु भने जस्तै हो । उहाँहरूलाई लेखनाथ पौडेलको यो कविता एकपटक पढ्न अनुरोध छ ।

*उही कुलो खेत बीउ पनि उही,*
*उसै गरी रोपिदिए पनि कहीं ।*
*हुँदैन धान्याऽदिक चैत्रमा किन ?*
*तलाई मालुम छ कि यो कुरा मन !*

तपाईंहरूले गरेको अपिलले देश हल्लन्थ्यो, जनता जाग्थे, तुफान सिर्जना हुन्थ्यो । थाहा पाउनु भो नि अब खरानी पनि उड्दैन । मुख्य जिम्मेवारी भने ५० मुनिका भविष्य भएका नेता-कार्यकर्ताको हो । उनीहरु सच्चिने कि सक्किने निर्णय छिटो लेउन् । (यो आलेख लेख्दै गर्दा एमालेले स्थानीय तह जित्ने गरेको तर यसपालि रास्वपाभन्दा कम मत आएको एउटा गाउँ कमिटीका सचिवले फोन गरे । उनको चिन्ता थियोः कमरेड ओली नै नेतृत्वमा रहने हो भने स्थानीय चुनावमा टिकट दिन मान्छे पनि पाइँदैन । व्यक्तिका बारेमा मेरा खासै रूचि अरूचि छैनन्, छन् भने पनि यो आलेख त्यसको लागि उचित स्थान होइन । यति त भन्नै पर्छ कि अब पनि जनताका कुरा नसुने अहिलेको भन्दा बुरा हाल हुनेछ ।) अनलाइनखबरबाट

विज्ञेषु किमधिकम् !

नसर्ने रोगहरूको पहिचानका लागि अभियान २०८२

मधुमेहले मुटु रोग, मस्तिष्कघात, अन्धोपन, मिर्गौलाले काम नगर्ने लगायत अन्य गम्भीर जटिलताहरूलाई निम्त्याउनुको साथै ज्यान समेत लिन सक्छ ।

स्वस्थ जीवनशैली अपनाएर टाइप २ मधुमेह रोकथाम गर्न सकिन्छ ।

स्वस्थ शारीरिक तौल कायम गरौं

चिनी, नून र चिल्लो कम भएको स्वस्थ खाना तथा प्रशस्त तरकारी र फलफूल खाऔं

शारीरिक रूपमा सक्रिय रहौं

आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह जाँच, रक्तचाप (ब्लडप्रेसर) मापन, मिर्गौला सम्बन्धी रोगको जाँच र BMI मापन गरौं ।

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौं ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
दमौली, तनहुँ, नेपाल

विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

चैत ०६ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।
२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुवराज अधिकारी**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

चैत्र ०७ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

# बन्दीपुर बजारका खाद्य पसलमा अनुगमन



**भञ्ज्याङ समाचारदाता/बन्दीपुर**

बन्दीपुर गाउँपालिका तथा विभिन्न सरोकारवाला निकायहरूको संयुक्त सहभागितामा बन्दीपुर बजार क्षेत्रका खाद्य पसलहरूको अनुगमन तथा निरीक्षण गरिएको छ । अनुगमनमा बन्दीपुर गाउँपालिका, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय दमौली, इलाका प्रहरी कार्यालय बन्दीपुर, पर्यटन प्रहरी, बन्दीपुर नगर प्रहरी, उद्योग वाणिज्य संघ बन्दीपुर, होटल व्यवसायी संघ, क्षेत्रीय होटल संघ तथा रेष्टुरेन्ट एण्ड बार एसोसिएसन (रेवान) बन्दीपुर लगायतको सहभागिता रहेको थियो।

बढ्दो ग्यास अभावको अवस्था र बजारमा बिक्री वितरण भइरहेका खाद्य तथा पेय पदार्थको गुणस्तरलाई ध्यानमा राख्दै अनुगमन गरिएको थियो । अनुगमनका क्रममा करिब १२ हजार २३० रूपैयाँ बराबरका म्याद नाघेका तथा खान अयोग्य खाद्य सामग्री नष्ट गरिएको छ।

अनुगमन टोलीले व्यवसायीहरूलाई खाद्य पदार्थसँग अखाद्य वस्तु मिसाएर नराख्न, पहिले ल्याइएका सामग्री पहिल्यै बिक्री गर्न (फर्स्ट इन, फर्स्ट आउट प्रणाली अपनाउन), मदिराजन्य पेय पदार्थको गुणस्तर सुनिश्चित गरेर मात्र खरिद गर्न, म्याद नाघेका वस्तुहरु बिक्रीस्थलबाट हटाएर अलग्गै राख्न, ग्यास अभावका बेला वितरणमा भेदभाव नगर्न तथा अभिलेख राखेर मात्रै ग्यास बिक्री गर्न निर्देशन दिएको छ ।

अनुगमनमा गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापा, उपाध्यक्ष पञ्चमाया गुरूङ, खाद्य डिभिजन प्रमुख ज्योति आचार्य, खाद्य निरीक्षण अधिकृत सन्तोष थापा मगर, इलाका प्रहरी कार्यालय बन्दिपुरका प्रहरी नायब निरीक्षक ईश्वर दुलाल, सूचना प्रविधि अधिकृत विशाल न्यौपाने, राजश्व शाखा प्रमुख राधिका श्रेष्ठलगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# जेनजी आन्दोलन .....

व्यवसायिक प्रतिष्ठानहरूमा परेको छ । करिब रू २७ अर्ब ४९ करोड बराबरको क्षति व्यवसायिक क्षेत्रमा भएको छ भने व्यक्तिगत घरपरिवारमा करिब रू ६ अर्ब बराबरको क्षति भएको छ । क्षतिको संरचनागत विश्लेषण गर्दा भवन तथा घरमा करिब ४५ प्रतिशत, सवारीसाधनमा ५ दशमलव ५ प्रतिशत र बाँकी अन्य सम्पत्तिमा क्षति भएको देखिन्छ । करिब रू २३ अर्ब बराबरको बिमा दाबी परेको छ ।

कोभिड–१९ पछिको कमजोर अर्थतन्त्र र बाह्य क्षेत्रको दबाबका बीच आएको यस क्षतिले निजी क्षेत्रको मनोबल थप कमजोर बनाएको विश्लेषण गरिएको छ । सरकारले निजी क्षेत्र पुनर्जीवनका लागि विभिन्न राहत तथा सहुलियत कार्यक्रम प्रस्ताव गरेको छ । क्षति भएका भवनहरूको नक्सापास शुल्कमा छुट दिन स्थानीय तहलाई आग्रह गर्ने तथा सम्पत्ति करमा तीन वर्षसम्म छुट दिने व्यवस्था गर्नुपर्नेलगायत विषय कार्ययोजनामा उल्लेख छन् ।

बिमा भएका संरचनाहरूको दाबी छिटो भुक्तानी गर्नुपर्ने तथा बिमा कम्पनीहरूमा तरलताको अभाव भएमा नेपाल राष्ट्र बैंक तथा अन्य वित्तीय संस्थाबाट सहुलियत ऋण उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको छ । त्यस्तै, बैंकिङ क्षेत्रमा पनि सहुलियत दिने, चालु पूँजी कर्जालाई किस्ताबन्दी कर्जामा रूपान्तरण गर्न सकिने, कर्जा पुन:संरचना अवधि २०८३ असारसम्म बढाइने, र आवश्यकता अनुसार ग्रेस अवधि थप गर्ने व्यवस्था गरिने लगायतका विषय कार्ययोजनामा राखिएका छन् । त्यस्तै, स्थिर ब्याजदरमा पाँच वर्षसम्म कर्जा उपलब्ध गराउने व्यवस्था समेत प्रस्ताव गरिएको छ, जसमा आधार दरमा केवल शून्य दशमलव पाँच प्रतिशत प्रिमियम थप्नुपर्ने उल्लेख छ ।

आन्दोलनका क्रममा सार्वजनिक सेवाग्राहीका सवारीसाधन, मोबाइल, ल्यापटप, लत्ताकपडा जस्ता सामग्रीमा क्षति भएको अवस्थामा राज्यले आंशिक राहत दिने व्यवस्था मिलाइनुपर्ने पनि उल्लेख छ । प्रहरी मुचुल्काका आधारमा जिल्ला प्रशासन कार्यालयमार्फत कुल क्षतिको २५ प्रतिशतसम्म राहत उपलब्ध गराउन सकिने आयोगले तयार पारेको कार्ययोजनामा उल्लेख छ ।

सरकारले विस्तृत कार्ययोजना सार्वजनिक गरे पनि यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिएको छ । राजस्व संकलन कमजोर रहेको, संघीय संरचनामा खर्च बढिरहेको र आर्थिक दबाब उच्च रहेको अवस्थामा यति ठूलो परिमाणको पुनर्निर्माण कार्य सम्पन्न गर्न वित्तीय अनुशासन, समन्वय र पारदर्शिता आवश्यक पर्ने देखिन्छ ।

सरकारी तथ्यांकअनुसार आन्दोलनका कारण कुल रू ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको क्षति भएको छ । यसमध्ये सरकारी तथा सार्वजनिक क्षेत्रमा सबैभन्दा बढी क्षति देखिएको छ भने निजी क्षेत्र पनि गम्भीर रूपमा प्रभावित भएको छ। सरकारी संरचनामा मात्रै करिब रू ४४ अर्ब ९३ करोड बराबरको क्षति भएको छ भने निजी क्षेत्रतर्फ रू ३३ अर्ब ५४ करोड बराबरको नोक्सानी भएको छ। सामुदायिक तथा अन्य क्षेत्रमा करिब रू पाँच अर्ब ९७ करोड क्षति भएको प्रतिवेदनले देखाएको छ ।

सरकारी संरचनाभित्र संघीय सरकार सबैभन्दा बढी प्रभावित भएको देखिन्छ । जहाँ करिब रू २९ अर्ब ६७ करोड बराबरको क्षति भएको छ । त्यसपछि स्थानीय तहमा करिब रू नौ अर्ब ८१ करोड र प्रदेश सरकारमा रू चार अर्ब ४९ करोड बराबरको क्षति भएको छ । तीनवटै तहका सरकारका संरचनाहरु पुनर्निर्माण र पुनर्व्यवस्थापन गर्न करिब रू ३६ अर्ब ३० करोड खर्च लाग्ने अनुमान गरिएको छ । यसमध्ये भवन पुनर्निर्माणमा मात्रै करिब रू २० अर्ब खर्च हुने देखिएको छ । त्यस्तै सवारीसाधन खरिदमा रू छ अर्ब १६ करोड र अन्य सम्पत्तिमा रू १० अर्ब १४ करोड खर्च हुने अनुमान गरिएको छ ।


## डढेलोबाट जोगिऔं र जोगाऔं

- सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

**डढेलोबाट जोगिन**

- जथाभावीरूपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलोविरूद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,

**वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter



**सुरेश भण्डारी**
x.com/Sureshkshetri09

काममा बिश्वास गर्ने मेयर आउँदा परिवर्तन गर्न सकिन्छ भनेर सुनिता डङ्गोलको २ महिना कै कार्यकालले देखाउँदैछ । फोहोर ब्यबस्थापन तथा सामाजिक सुरक्षाको क्षेत्रमा निकै राम्रो काम हुँदैछ, तर यो धरहरामा फ्री पार्किङ गराउने निर्णयसँग चाही असहमत।फ्री भन्ने चिज संसारमा केहि हुन्न, अत केहि निश्चित शुल्क सहितको पार्किङ ब्यबस्थापन गरे राम्रो हुन्छ ।



**Chandra Bhandari**
x.com/chandra_1961

अहिलेसम्म नेपालका अधिकांश राजनीतिक पार्टीहरु दुई चरम अवस्थाबाट गुज्रिरहेका देखिन्छन् !
- जितेपछि आत्मसंयम गुमाएर मातिने,
- हारेपछि आत्मसमीक्षा नगरी आरोप-प्रत्यारोपमै सीमित हुने।
दुवै प्रवृत्ति लोकतन्त्रका लागि घातक हुन्।
अब विगतलाई दोहोरिन दिनु हुँदैन।



**रोशन शिबाकोटी**
x.com/roshansibakoti

भाबी प्रम बालेन बिरामी वा जरूरी काममा भए थाहा चाहियो अन्यथा यसले उनको एकांकी स्वभाब,घुलमिल हुन नसक्ने चरित्र, दम्भ अहंकार देखाएन र? आफ्ना सांसद भेट्न, अन्तरक्रिया गर्न, भिजन र कार्यदिशा राख्न ब्यग्रता हुनुपर्ने होइन र? राजाले त खोपीमा बसेर शासन गर्दैन्थे, अब बालेनले गर्न लाग्या हो ?

# शुक्लागण्डकी दुई दिने रैथाने खाना महोत्सव

**भञ्ज्याङ समाचारदाता/बन्दीपुर**

शुक्लागण्डकी नगरपालिकामा आयोजित रैथाने खाना महोत्सव–२०८२ सम्पन्न भयो। नेपाल आदिवासी जनजाति महासंघ समन्वय परिषद शुक्लागण्डकीले बेलचौतारास्थित भानुभक्त बहुमुखी क्याम्पसको खुल्ला चौरमा महोत्सव आयोजना गरेको हो ।

शुक्लागण्डकी नगरपालिका वडा नं. ७ का अध्यक्ष एवं परिषद्का सल्लाहकार खड्कसिं थापा मगरले महोत्सवलाई थप रौनक थपेको उल्लेख गरे। समन्वय परिषद सचिव एवं महोत्सव प्रवक्ता विर्सना श्रेष्ठका अनुसार महोत्सवस्थलमा ६ समुदायका मौलिक परम्परा घर निर्माण गरिएको छ ।

शुक्लागण्डकी नगरपालिकामा मगर, गुरूङ्, नेवार, भुजेल, कुमाल, तामाङ्, थकाली र राई समुदायको बसोबास रहेको छ । महोत्सवमा ती समुदायका विभिन्न रैथाने परिकारको स्वाद पकाएर बिक्री गरिएको थियो । महोत्सवमा विभिन्न




महोत्सवले देशभर सकरात्मक सन्देश भएको बताए। समन्वय परिषद्का अध्यक्ष कुल कुमार कुमालले महोत्सवले रैथाने खानाको प्रचार, प्रवर्द्धन र पुस्तान्तरणमा ठूलो सहयोग पुगेको उल्लेख गरे । उनले आगामी दिनमा यस्ता महोत्सवलाई निरन्तरता दिन सके आदिवासी जनजातिका खानाका परिकार जिवन्त रहने बताए ।

शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघका अध्यक्ष समुन्द्रराम श्रेष्ठले जनजातिका झल्को दिन घरले चैत ६ देखि हुने शुक्लागण्डकी विद्यालयका विद्यार्थीहरू, आदिवासी जनजातिसँग सम्बन्धित अध्येता, अगुवा, विदेशी नागरिकहरू समेत आएर रैथाने खानाका परिकारको स्वाद लिएको परिषदका सल्लाहकार संयोजक खिम बहादुर कुमालले जानकारी दिए । उनले परिकारको स्वाद लिन दिनभर दर्शकहरूको भिड रहेको बताए । शुक्लागण्डकी नगरपालिकाको आर्थिक सहयोगमा भएको महोत्सव भएको हो । महोत्सवको सोमवार शुक्लागण्डकी नगरपालिकाका नगर प्रमुख कृष्णराज पण्डितले उद्घाटन गरेका थिए ।


**भञ्ज्याङ दैनिक पत्रिका नआएमा**
फोन : ०६५–५६३९०७ मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com


**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४